# शनिअर्जुन नगरपालिका कार्यालय, शनिश्चरे, झापाको आन्तरिक आयको वोलपत्र आव्हानको सूचना ।

प्रथम पटक प्रकाशित मिति :–२०७३/०२/१२

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १६७ अनुसार यस शनिअर्जुन नगरपालिकाको आगामि आ.व. २०७३/०७४ का लागि आन्तरिक आय संकलन गर्न निम्न शीर्षक अनुसारका आयमा राजश्व परामर्श समितिको सिफारिश तथा नगरपालिकाको निर्णय अनुसार ठेक्का लगाउनु पर्ने भएकोले ठेक्का लिन चाहनुहुने योग्य फर्म / संस्थाहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयबाट बोलपत्र फारम रु ३००।०० (अक्षरेपी रु तीन सय मात्र, फिर्ता नहुने गरी) मा खरिद गरी १६ औं दिनको १२:०० बजे भित्र शिलबन्दी गरी लाहाछाप लगाई पेश गर्नुहुन सम्बन्धित सवैमा यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| क्र.सं. | ठे.न | ठेक्काको शीर्षक | आ.व २०७३/०७४ को लागि प्राप्त न्युनतम अंक | बोलपत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १. | १ | सेवाशुल्क | ४,३४,५००।०० | ३००।०० | |
| २. | २ | खसिबजार | २,५४,२२२।०० | ३००।०० | |
| ३. | ३ | साप्ताहिक हाटबजार | १,२६,११६।०० | ३००।०० | |
| ४. | ४ | कोलाबजार | ६८,३५५।०० | ३००।०० | |
| ५. | ५ | गोसहाट | २४,०००।०० | ३००।०० | |
| ६ | ६ | पटके सवारी कर | ४,४१,१००।०० | ३००।०० | |

**पटके सवारी कर लिने सडकहरु :–**

१. लक्ष्मीपुर पाण्डापुर पानीकल सडक
२. दहिझोडा सडक
३. कैलशाघाट कञ्चनवाडी सडक
४. माता मंन्दिर प्रणामी टोल, विहिवारे, कालीस्थान हुदै बुधबारे जोड्ने सडक
५. मिलन चोक कालिस्थान हुदै धाइजन मोड जोड्ने सडक
६. मदनपुरबाट भाङवारी विरिङ, मिनी पुल, शनिश्चरे सालवाडी हुदै चारआली सडक
७. पानीकल पाण्डापुर भानु उ.मा.वि. हुदै जगतवस्ती चारपाने जोडने सडक

**शर्तहरु**

१) खरिद भएका बोलपत्र फारम पेश गर्दा यस कार्यालयको नाममा सम्बोधन गरी ठेक्का नम्बर, ठेक्का शीर्षक, बोलपत्र दाताको फर्मको नाम, फर्मको आधिकारीक व्यक्तिको नाम,थर र ठेगाना स्पष्ट खुलाई फर्मको छाप लगाई आधिकारिक व्यक्तिले दस्तखत गरी सिलबन्दी लाहा छाप गरी पेश गर्नुपर्नेछ । साथै पेश भएका बोलपत्रहरु फिर्ता लिन वा संम्सोधन गर्न चाहने फर्मले पेश गर्ने अन्तिम मितिको अन्तिम समय भित्र शिलबन्दी गरी लाहाछाप गरी पेश गर्नु पर्ने छ ।

२) कार्यालयबाट वोलपत्र फाराम खरिद गर्दा नागरिकताको प्रमाण पत्र, VAT दर्ता प्रमाण पत्र वा पान ( PAN ) दर्ता प्रमाण पत्र र आ.व २०७१/०७२ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न राखी तोकिएको रकम नगदै ( पछि फिर्ता नहुने गरी ) वुझाई माथि उल्लेखित मिति भित्र यस कार्यालयबाट खरिद गर्नु पर्नेछ ।

३) वोलपत्र फारामहरु माथि उल्लेखित समय भित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । सो समय भित्र पर्न आएका वोलपत्रहरु १६ औं दिनको २:०० बजे वोलपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिने छ । सो समयमा वोलपत्रदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि

वोलपत्र खोल्न वाधा पर्ने छैन । सो दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट सो कार्य गरिनेछ ।

४) वोलपत्र फाराम अलग अलग ठेक्काको लागि छुट्टाछुट्टै रुपमा खरिद गर्नुपर्नेछ र एउटा फर्मलाई एउटा ठेक्काको लागि एउटा मात्र फाराम खरिद गर्न दिइने छ । जसको नाममा फाराम खरिद गरिएको हो सोही फर्मको नाममा मात्र बोलपत्र दाखिला गर्नुपर्नेछ ।

५) वोलपत्र फाराममा उल्लेखित कवोल अंकको स्वदेशी नागरिक भए ५ प्रतिशत तथा विदेशी नागरिक भए १० प्रतिशत जमानत रकम यस कार्यालयको कृषि विकास वैंक, विर्तामोड, झापा स्थित धरौटी हि.नं.०६००६०१०३८३३४०८२ नगदै जम्मा गरेको सक्कलै वैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले यस कार्यालयको नाममा जारी गरेको (बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० ( एक सय वीस ) दिन म्याद भएको) विड वण्डको सक्कलै प्रति पेश गर्नुपर्नेछ । धरौटी रकम वा विड वण्ड प्रत्येक ठेक्काको लागि छुट्टाछुट्टै रुपमा समावेश गर्नु पर्नेछ । धरौटी जम्मा गरेको भौचरको पछाडि धरौटी जम्मा गर्ने फर्मको नाम तथा कुन शीर्षकको धरौटी हो,सो स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

६) वोलपत्र फाराम भर्दा आफूले कवोल गरेको रकम अंक र अक्षर दुवैमा प्रष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

७) यस कार्यालयको नाममा मान्यता प्राप्त वैंकंबाट जारी गरिएको २०७४ आषाढ मसान्तसम्म अवधी भएको बैंक ग्यारेन्टी ( परफरमेन्स वण्ड ) पेश गरेपछि मात्र ठेक्का सम्झौता गरी चलनपूर्जि दिइने छ ।

८) ठेक्का सम्बन्धी कर असुली रसिद ठेकेदार स्वयले व्यवस्था गरी कार्यालयमा दर्ता गराई कार्यालयको छाप लगाई मात्र प्रयोग गर्नुपर्नेछ ।

९) पटके सवारी करको हकमा संझौतामा उल्लेखित स्थानबाट मात्र कर असुली गर्नुपर्नेछ ।

१०) यससंग सम्बन्धित अन्य कुराहरु प्रचलित कानुन अनुसार हुनेछ ।

११) ठेक्का स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार नगरपालिकामा निहित हुनेछ । विस्तृत जानकारीका लागि नगरपालिका वा फोन न. ०२३४६५५०३, ०२३४६६५०२ सम्पर्क गर्नुहोला ।

शनिअर्जुन नगरपालिका कार्यालय

शनिश्चरे, झापा